श्री ५ को सरकार

## भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले यो आदेश जारी गरी भूमि सम्बन्धी ऐन, २०२१ को दफा १८ को उप–दफा (३) को प्रयोजनको लागि अदालतमा अञ्चल अदालतलाई र सोही ऐनको दफा २६ को उप–दफा (१) को प्रतिवन्धात्मक वाक्यांश (क), (ख), (ग) दफा २८ को उप–दफा (३) दफा २९ को उप–दफा (१) दफा ४० र दफा ४५ (क) को उप–दफा (२) को प्रयोजनको लागि अधिकारीमा भूमिसुधार अधिकारीलाई तोकिदिएको छ ।

आज्ञाले–

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको निमित्त सचिव ।

श्री ५ को सरकार

## भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

निजामति सेवा नियमावली २०२१ को अनुसूची १ (ख) को ५७ नं. ले दिएको अधिकार प्रयोगगरी श्री ५ को सरकारले सर्भे तालिम केन्द्रलाई उक्त अनुसूची १ (ख) मा समावेश गर्ने गरी तोकेको छ ।

मिति २०२२।४।४ को नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित अमिन प्रशिक्षण केन्द्र भन्ने शव्दहरू झिकिएको छ

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।